## सिद्धार्थ बैंक लिमिटेडको
## तेइसौं वार्षिक साधारण सभाको
## कामकारवाहीको विवरण (माइन्यूट)

१. **सभाको काम कारवाही:**

मिति २०८१ साल पौष महिना २८ गते तद्नुसार १२ जनवरी २०२५, आइतबारका दिन यस सिद्धार्थ बैंक लिमिटेडको तेइसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको तेइसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

२. **सभाको मिति, समय र स्थान:**

| | |
|---|---|
| मिति | : २०८१ साल पौष २८ गते आइतबार (तद्नुसार १२ जनवरी, २०२५) |
| स्थान | : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |
| समय | : बिहान १०:३० बजे |

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०८१ साल पौष ०५ (तदनुसार २० डिसेम्बर, २०२४) गतेका दिन बसेको बैंकको सञ्चालक समितिको ४४०औं बैठकको निर्णयानुसार बोलाईएको बैंकको तेईसौं वार्षिक साधारण सभाको लागि बैंकमा हाल लागु नियमावली तथा प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम तेईसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी मिति २०८१ पौष ६ गते नागरिक दैनिक तथा मिति २०८१ पौष १९ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१. **सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार केडिया | अध्यक्ष |
| २. | श्री नरेन्द्र कुमार अग्रवाल | सञ्चालक |
| ३. | श्री राहुल अग्रवाल | सञ्चालक |
| ४. | श्री दिनेश शंकर पालिखे | सञ्चालक |
| ५. | श्री अंकित केडिया | सञ्चालक |
| ६. | श्री मिना कुमारी सैंजु | स्वतन्त्र सञ्चालक |

४.२. **पर्यवेक्षकको उपस्थिति:**

१. श्री सन्दीप कार्की प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.
२. श्री अमन उप्रेती प्रतिनिधि- बाह्यलेखापरीक्षक, एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स
३. श्री शैलेश यादव प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय
४. श्री प्रसन्न कृष्ण दास प्रमुख निर्वाचन अधिकृत

Siddhartha Bank

४.३. <u>पदाधिकारीहरुको उपस्थिती:</u>

| | | |
|---|---|---|
| १. | श्री सुन्दर प्रसाद कडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रामेश्वर प्रसाद बस्याल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री शेर बहादुर बुढाथोकी | सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री अर्जुन भद्र खनाल | प्रमुख-क्रेडिट अन्डरराइटिङ अधिकारी |
| ५. | श्री सृजन कृष्ण मल्ल | प्रमुख-सुचना प्रविधि अधिकारी |
| ६. | श्री सुरेश राज महर्जन | प्रमुख-मार्केटिङ अधिकारी |
| ७. | श्री प्रशन्न खड्का | प्रमुख-कर्पोरेट बैकिङ्ग अधिकारी |
| ८. | श्री शैलजा ज्ञवाली | प्रमुख- एकीकृत जोखिम व्यवस्थापन अधिकारी |
| ९. | श्री मनोहर के.सी. | प्रमुख- रिटेल बैकिङ्ग अधिकारी |
| १०. | श्री प्रदिप पन्त | प्रमुख- एम.एस.एम.इ. बैकिङ्ग अधिकारी |
| ११. | श्री प्रविण निधि तिवारी | प्रमुख- सञ्चालन अधिकृत |
| १२. | श्री लक्ष्मण घिमिरे | कम्पनी सचिव |
| १३. | श्री प्रमेश श्रेष्ठ | प्रमुख- रणनीति तथा वित्त |
| १४. | श्री संजय प्रधान | प्रबन्धक-आन्तरिक लेखापरीक्षण विभाग |
| १५ | श्री दिपेन्द्र पौडेल | प्रबन्धक-समान्य प्रशासन विभाग |

५. <u>सभाको गणपुरक संख्या:</u>

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| १४,०८,९९,८०१.८९ | ७,८६,३२,०३२ | ९७६ | ९४ | १०७० | ५५.८१ |

६. <u>सभाको विषयसूची तथा प्रस्तावहरु:</u>

(क) <u>सामान्य प्रस्ताव</u>

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको २३ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड." को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

SiddharthaBank

५. बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैँया मात्र) को ४ प्रतिशतका दरले हुने रु. ५६,३५,९९,२०८/- (छपन्न करोड पैतीस लाख उनान्सय हजार दुई सय आठ मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

६. बैंकको नियमावलीको नियम ८ बमोजिम आगामी ४ वर्षे कार्यकालको लागि बैंकको संस्थापक शेयरधनी समुहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने तीन (३) जना तथा सर्वसाधारण शेयरधनी समुहको तर्फबाट प्रतिनिधित्व गर्ने दुई (२) जना गरी जम्मा पाँच (५) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तोकिएको व्यवस्था तथा शर्तहरु सहित प्रति शेयर रु. १०० का दरले रु ३ अर्ब ५० करोड रुपैँया बराबरको “एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर” (SBL 8.25% Perpetual Non Cumulative Preference Share) सम्बन्धित नियमनकारी निकायको स्विकृती पश्चात् जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको पूँजी वृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पूँजी रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) रहेकोमा सोलाई वृद्धि गरी रु. २०,००,००,००,०००/-(अक्षरेपी बीस अर्ब मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैँया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैँया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैँया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैँया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

५. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रयोजनका लागि प्रबन्धपत्र तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा आवश्यक थप संशोधन/परिमार्जन गर्ने ।

६. सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा सामयिक संशोधन गर्ने ।

७. माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन, अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

८. बैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

(ग) विविध

७. **सभाको वैधानिकता:**

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन, २०६३ एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक सँख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको तेइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या १०७० (प्रोक्सी समेत) एवं कुल शेयरको ५५.८१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नुभयो ।

८. **सभाको सभापतित्व र सभा सञ्चालन:**

कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले बैंकको तेइसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

९. **अध्यक्षज्यूबाट तेइसौं वार्षिक प्रतिवेदन प्रस्तुति:**

तेइसौं वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं. १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको प्रतिवेदन आ.व. २०८०/८१ को महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त मन्तव्य सहित बैठकको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन लगायत २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०८० श्रावण ०१ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्वन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

१०. **छलफलको लागि आह्वान:**

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन लगायत २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०८० श्रावण ०१ गते देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित ९ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

**शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरण**

**श्री उत्तम दत्त पाण्डे**

- बैंकको निष्क्रिय सम्पत्ति गत वर्षको तुलनामा ०.१६ प्रतिशतले बढेकोले यसलाई घटाउँदै लानु पर्ने,
- कर्जा नोक्सानी व्यवस्था कुल निष्कृय सम्पत्तिको अनुपातमा गत वर्ष भन्दा ९८.०१ प्रतिशतले वृद्धि भएकोले यसलाई घटाउँदै लानु पर्ने,



SiddharthaBank

- प्रति सेयर आम्दानी गत वर्ष भन्दा घटेकोले त्यसतर्फ ध्यान दिनु पर्ने,
- विशेष प्रस्तावको दफा १ बमोजिम ८.२५ प्रतिशत लाभांश दिनेगरी रु. ३ अर्ब ५० करोडको अग्राधिकार शेयर जारी गर्नु भएकोमा मेरो समर्थन छ,
- गैरबैंकिङ सम्पत्तिको रुपमा बैंकले सकार गरी लिएको सम्पत्तिहरुलाई तत्काल Dispose गरी आम्दानी बढाउने तर्फ जोड दिनु पर्ने,
- गत वर्ष भन्दा यस आ.व मा कर्जा अपलेखन उल्लेख्य वृद्धी भएकोले त्यस तर्फ ध्यान दिनु पर्ने,
- बैंकको भावी योजना सबै राम्रो छ, बैंकले पाएको पुरस्कार पदक र उपलब्धि राम्रो छ,
- बैंक डिजिटाइजेसन प्रविधि तर्फ अगाडी बढेकोमा धन्यवाद ।

**श्री भक्ति प्रसाद उप्रेती**

- यस वर्ष लाभांश दिनेमा बैंक दशौं नम्बरमा र विभिन्न सुचकांकहरु हेर्दा पनि बैंक दशौं नम्बरमा रहेकोमा धन्यवाद,
- समिक्षा वर्षमा बैंकले निक्षेपमा १६ अर्ब ३४ करोड र कर्जामा झण्डै १३ अर्बको वृद्धि राम्रो भएको,
- बैंकको खुद ब्याज आम्दानी (NII) घटेकोले यसलाई बढाउने तर्फ ध्यान दिनु पर्ने र बैंकको ब्याज आम्दानी बढाउन बढी जोड दिनुपर्ने,
- २० वटा वाणिज्य बैंकहरुको गैरबैंकिङ सम्पत्ति औसतमा १ अर्ब ५२ करोड छ भने यस बैंकको ७२.८ करोड छ, जुन औसतको भन्दा आधा पनि छैन र त्यसमा बैंक सातौं स्थानमा रहेको । यो सबै सफलताको लागि बैंकको बोर्ड, व्यवस्थापन र सबै तहका कर्मचारी साथीहरुलाई धन्यवाद,
- बैंकले Write Back लाई उच्च प्राथमिकतामा राख्नु पर्ने,
- पौष भन्दा आगावै साधारणसभा गराउँदा अझ राम्रो हुने ।

**श्री निरुपमा गुप्ता**

- साधारणसभा पौष भन्दा आगावै गर्नतर्फ ध्यान दिनुपर्ने,
- शेयरधनीलाई लाभांश दिनु अन्यन्त राम्रो । आगामी वर्ष १५ प्रतिशत लाभांश दिने आशा रहेको,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने कार्यमा बैंकले निर्धन तथा अशक्त, शिक्षा क्षेत्रतर्फ बढी ध्यान दिनु पर्ने,
- निष्क्रिय कर्जालाई विवेकपूर्ण तवरले घटाउँदै लानुपर्ने,
- खर्च समय सापेक्ष बढ्नु स्वभाविक हो । खर्च व्यवस्थापनमा अलि मितव्ययिता अपनाएर अघि बढ्नु पर्ने ।

**श्री लवराज जोशी**

- बैंकको निष्क्रिय कर्जा कम गर्न सकेको खण्डमा लाभांशको प्रतिशत बढ्न सक्ने भएकोले त्यहि अनुसार रणनीति बनाएर अगाडि बढ्नु पर्ने,
- कर्जा असुलीमा कडाई गर्दै निष्क्रिय कर्जा घटाउँदै बैंकको नाफा बढाउने तर्फ ध्यान दिनु पर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने कार्यमा जुन सामाजिक क्षेत्रमा पहुँच पुगेको छैन त्यस्तो क्षेत्रमा जान सके अझै राम्रो हुने,
- कर्मचारीहरुलाई उत्प्रेरित गर्दै कसरी व्यवसायलाई बढाउन सकिन्छ भन्ने कुरामा ध्यान दिनु पर्ने,
- आगामी वर्षमा शेयरधनी लाई ४ प्रतिशत भन्दा बढि लाभांश दिनु पर्ने,
- बैंकले विभिन्न पुरुस्कार प्राप्त गरेको छ, ती अवार्ड प्राप्त गर्नु नै बैंकको ख्याती हो ।

**श्री उत्सव सुन्दर श्रेष्ठ**

- ४ प्रतिशत नगद लाभांशलाई बोनश शेयरको रुपमा दिएको भए अझ राम्रो हुने,
- बैंकको मुद्दामामिलामा धेरै खर्च भएकोले त्यसलाई घटाउने तर्फ ध्यान दिनु पर्ने,
- सञ्चालक समितिको खर्च उच्च देखिएकोले त्यसलाई घटाउने तर्फ ध्यान दिनु पर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्वका अन्तर्गत गरिने खर्चमा गरीब, दुःखी, अपांग तथा असहायलाई प्रत्यक्ष सहयोग हुने गरी कार्य गर्नु पर्ने ।

**श्री नरसिंह लाल चंखु**

- वित्तीय झलक र प्रतिवेदनले बैंक प्रगतितिर लम्किरहेको महसुस भएको छ,
- ४ प्रतिशत नगद लाभांशका लागि बैंकका सम्पूर्ण पक्षलाई धन्यवाद,
- NPA मा सुधार गर्नु पर्ने, LLP घटाउनु पर्ने, सम्पतीको गुणस्तर कायम गर्नमा ध्यान दिनुपर्ने, कर्जा असुलीमा कडाई गर्नु पर्ने,
- ROE, ROI सुधार गर्नु पर्ने,
- बैंकको विभिन्न शाखाहरुलाई प्रोत्साहन गर्दै ति शाखाहरु मुनाफा प्रेरित भएर अगाडि बढाउनु पर्ने,
- बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटलको प्रगती सन्तोषजनक रहेको र भविष्यमा अझ राम्रो गराउन जोड दिनु पर्ने ।

**श्री ध्रुवराज न्यौपाने**

- यस्तो विषम परिस्थितीमा पनि बैंकको प्रति शेयर आम्दानी बीस भन्दा बढी कायम गरी दिगो विकास गर्नु भएकोमा धन्यवाद,
- नगद लाभांश को सट्टामा बोनश शेयर दिएको भएको पुँजीकोषको दबाब पनि कम पर्ने थियो र अझ बैंकलाई राम्रो हुने थियो ।
- सैद्धान्तिक र व्यावहारिक कुराहरू समावेश गरेर राम्रो वार्षिक प्रतिवेदन तयार पार्नु भएकोमा धन्यवाद,
- कर्मचारीको कार्य सम्पादन तथा कार्यक्षमता बढेमा मात्र बैंकको आम्दानी बढ्ने भएकोले कर्मचारीलाई तालिम दिने तथा प्रोत्साहन गर्ने तर्फ ध्यान दिनु पर्ने,
- ऋणपत्रले बैंकको आम्दानी Block हुने भएकोले आगामी दिनमा ऋणपत्रको सहयोग नलिई व्यवसाय गर्नु पर्ने,
- बैंकको सहायक कम्पनी सिद्धार्थ क्यापिटलको Investment Growth Scheme (SIP) बाट राम्रो प्रतिफल नआएकोले त्यसतर्फ ध्यानाकर्षण गराउनु पर्ने,
- बैंकको नेटवर्थ प्रति शेयर करिब रु. २०० पुग्न लागेको छ, यो एकदमै राम्रो भएको छ ।

**श्री सुभाष चन्द्र भट्टराई**

- बैंकको लाभांश बाँड्ने क्षमता २.६ प्रतिशत मात्र भएको अवस्थामा पनि नगद लाभांश ४ प्रतिशत दिनु भएकोमा धन्यवाद,
- वार्षिक प्रतिवेदन विस्तृत रुपमा तयार पार्नु भई हामी जस्तो शेयरगुरुहरुलाई पढाउन सहज बनाईदिनु भएकोमा धन्यवाद,
- NRB सँग लबिङ गरेर Capital Redemption Reserve मा छुट्याएको रकमको ५० प्रतिशत सम्म रकम शेयरधनीलाई बाँड्न पाए बोनस शेयर छिटै आउने,

➢ बैंकको नेटवर्थ प्रति शेयर करिब रु. २०० रहेकोले संस्थापक शेयरधनीहरुले रु. २०० भन्दा तल आफ्नो शेयर बिक्रि नगर्न हुन आग्रह गर्नु भयो ।
➢ नगद लाभांश बाँड्दा दशैंमै बाँड्नु पर्ने, त्यसले शेयरधनीहरुलाई थोरै भएपनि राहत हुने ।

**श्री ब्यास कुमार शर्मा**

➢ देशको आर्थिक अवस्था कमजोर भएको स्थितिमा पनि बैंकको निष्क्रिय कर्जा तोकिएको ५ प्रतिशत भन्दा तल २.१७ प्रतिशतमा राख्न सक्षम भएकोमा बैंक व्यवस्थापन तथा कर्मचारी प्रति विशेष धन्यवाद,
➢ यस्तो विषम परिस्थितीमा पनि शेयरधनीहरुलाई लाभांश दिनु भएकोमा धन्यवाद,
➢ खराब कर्जाको समुचित व्यवस्थापन गर्न बैंकले असुली विभागलाई अत्यन्त सक्षम तुल्याई असुलीमा कडाइ गर्दै अगाडी बढ्नु पर्ने ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

- सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै एवं धन्यवाद दिदैं वार्षिक साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष एवं बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुले बैंकको वार्षिक प्रतिवेदन, वित्तीय अवस्था, नाफा नोक्सानको अवस्था, बैंकको क्रियाकलाप, बैकले गरेका राम्रा कार्य, बैंकले सुधार गर्नु पर्ने क्षेत्रहरु, अर्थतन्त्रमा देखिएको चुनौती र त्यसले बैंकको कार्य सम्पादनमा पार्न सक्ने असर लगायतका विषयमा राख्नु भएका प्रमुख जिज्ञासा, सल्लाह सुझाव एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- बैंकको साधारण सभामा गरिमामय उपस्थिति जनाई विभिन्न शेयरधनी महानुभावले बैंकको प्रगति, उन्नतिको लागि निस्पक्ष ढंगले वार्षिक प्रतिवेदनमा रहेका तथ्यहरु, देश र बैकिङ्ग क्षेत्रको हालको वस्तुस्थिति समेतका सबै कुरालाई ध्यानमा राखेर गहन सुझावहरू दिनुभएको छ । सुझाव मार्फत हामीले गरेका राम्रा पक्षहरुको बारेमा र हामीले गर्नुपर्ने सुधारको पक्षका बारेमा हामीलाई ध्यानाकर्षण गराइदिनु भएकोमा यहाँहरू सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छौं । आदरणीय शेयरधनी महानुभावहरुले विगतमा दिनु भएका अमूल्य सल्लाह तथा सुझावहरु अधिकांश कार्यान्वयन गरिसकिएको र केही कार्यान्वयनका विभिन्न चरणमा रहेको कुरा बैंकको तेइसौं वार्षिक प्रतिवेदनमा समेत प्रस्तुत गरिएको अवगत गराउन चाहन्छौं । यहाँहरुले यस साधारण सभामा दिनुभएका सुझावहरू सदाझैं हाम्रा लागि अमूल्य निधि एवं मार्गदर्शन हुन् र आगामी दिनहरुमा यहाँहरुले दिनुभएका सल्लाह, सुझावहरुलाई अझ सुक्ष्म अध्ययन गरी सम्भाव्यताका आधारमा कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

- बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरुलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ। संस्थागत सुशासनका अभ्यासहरु र नैतिक व्यावसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । बैंकले संस्थागत सुशासनका अभिन्न अङ्ग निष्ठा, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, निष्पक्षतालाई व्यावसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ। साथै, नियामक निकायहरुको मार्ग निर्देशनको पालना गर्दै नियामकको सुक्ष्म निगरानीमा रहँदै संस्थागत सुशासनका उच्चतम अभ्यासहरु कार्यन्यवन गर्दै आएको छ । यसैको फलस्वरुप International Financial Corporation (IFC) जस्तो

अन्तराष्ट्रिय संस्थाले हामीलाई विश्वास गरेर ऋण प्रदान गरेको छ। IFC जस्तो विख्यात संस्थाले बैंकलाई पत्याउनु आफैंमा ठूलो गर्वको कुरा हो । साथै, US State Secretary ले US को सिनेटमा नेपालमा सिद्धार्थ बैंक मार्फत US International Development Finance Corporattion (DFC) ले दश करोड अमेरिकी डलर बराबरको ऋण प्रदान गरेको जानकारी गराउनु भएको विषय यहाँहरु माझ हर्ष एवं गर्वका साथ साझा गर्न चाहान्छौं । अन्तर्राष्ट्रिय स्तरमा समेत विश्वसनियता हासिल गर्न बैंक प्रयत्नशील रहेको छ। IFC ले हाम्रो बैंकमा पूँजी लगानीको सम्भावनाको समेत सोच बनाएको देखिन्छ ।

- शेयरधनीमहानुभावहरुले कतिपय ठाउँहरुमा संस्थागत सामाजिक उत्तरदायित्वको दोहोरोपन भयो, सबै संस्थाले एकै क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम खर्च भयो, यसलाई अलि फरक ढंगले CSR अन्तर्गको रकम सदुपयोग गर्नुपर्ने, देशमा उत्पादन तथा रोजगारीसँग सम्बन्धित कुरामा यसले सहयोग पुऱ्याओस् भन्ने यहाँहरुको सुझावहरुसँग हामी सहमत छौं, त्यस तर्फ हाम्रो प्रयास पनि जारी छ । त्यसैगरी CSR गर्दा शिक्षा शीर्षकमा पनि जोड दिनुपर्यो भने पनि सुझावहरु पाएका छौं। हामीले भर्खरै पोखरामा एउटा विद्यालयमा बहुउद्देश्यीय भवन निर्माण गरी कम्प्युटर ल्याबको व्यवस्था गरी डिजिटल आवश्यकता अनुरुप सहयोग गरेका छौं । यसैगरी, हामीले भूकम्प पीडित क्षेत्र अन्तर्गत कर्णाली प्रदेशको पश्चिम रुकुम जिल्लामा विद्यालय निर्माण गर्नको लागि सरकारी प्रणाली, नीति नियम र दिशा निर्देशनको अधिनमा रही सम्बन्धित निकायसँग समन्वय गरी काम गरेका छौं ।

  साथै, लुम्बिनिमा पनि संस्थागत सामाजिक उत्तरदयित्व अन्तर्गत काम गर्ने अत्यन्त राम्रो सुझाव आएको छ । सर्वप्रथम, हामीले हाम्रो नाम अनुरुप त्यस क्षेत्रमा बैंकिङ सुविधाहरु थप परिष्कृत गर्दै दिर्घकालीन सोचका साथ एउटा दिर्घकालीन कार्यक्रम गर्ने सोच बनाएर अगाडि बढ्नुपर्छ भन्ने विश्वास रहेको अध्यक्षले जानकारी गराउनुभयो । साथै, आगामी वर्षदेखि साधारण सभामै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरु बारे भिडियो मार्फत जानकारी गराउने व्यवस्था गर्न सभा अध्यक्षले व्यवस्थापनलाई आग्रह गर्नुभयो ।

  त्यसैगरी वित्तीय साक्षरता बढाउने सुझावका सन्दर्भमा हामीले त्यसै अनुरुप कार्यहरु गर्दै आईरहेका छौं । महिला सशक्तिकरणलाई लाई कसरी टेवा दिन सकिन्छ, महिलालाई बैंकिङ प्रणालीमा कसरी समावेश गर्न सकिन्छ भन्ने बारेमा पनि हामीहरुले विभिन्न काम गरिरहेका छौं । यसका लागि हामीले International Financial Corporation (IFC) जस्ता संस्थाहरुसँग सहकार्य गर्दै नेपालमा सिद्धार्थ बैंकलाई महिला केन्द्रित बैंक बनाउन प्रयासरत छौं । साथै, महिलाको वित्तिय आवश्यकताहरुलाई सम्बोधन गर्न यथासम्भव प्रयासहरु गरिरहेका छौं र आगामी दिनमा पनि यस्ता कार्यहरुमा जोड दिने कुरा यहाँलाई अवगत गराउन चाहन्छौं ।

- हामी कर्मचारी साथीहरुको दक्षता अभिवृद्धि गरी उत्पादकत्व वृद्धिगर्ने तर्फ निश्चित रूपले लागिरहेका छौं र यहाँले दिनुभएको सुझावलाई मध्यनजर गर्दै हाम्रा कर्मचारीहरुको दक्षता अभिवृद्धिमा अझ जोड दिने नै छौं ।

- शेयरधनी महानुभावहरुसँग हामीले कसरी एकाकार गर्न सकिन्छ, यहाँलाई बैंकिङमा बढी भन्दा बढी कसरी सुविधा दिन सकिन्छ भन्ने कुरामा हामी लागि परेका छौं । यसैको प्रयास स्वरुप बैंकले हालसालै विशेष बचत खाताको रुपमा सिद्धार्थ लगानीकर्ता बचत खाता सञ्चालनमा ल्याएको छ । यस खाता मार्फत शेयरधनीले आफ्ना लाभांश रकम प्रत्यक्ष रुपमा खातामा प्राप्त गर्नका साथै यस खातामा पहिलो वर्षका लागी Meroshare, Demat Account,

Banksmart XP, Siddhartha Platinum Debit Card, Siddhartha UNO Credit Card को सुविधा निशुल्क रुपमा लिन सकिन्छ । साथै, पहिलो वर्षको लागि लकर सुरक्षा मार्जिनमा ५० प्रतिशत तथा यात्रा कार्डमा २५ प्रतिशत छुटका साथै निशुल्क पोर्टफोलियोको सुविधा उपलब्ध रहेको छ । साथै, विनिमय दरमा १० पैसा प्रिमियम/रिबेट पाउने सुविधा समेत उक्त खातामा रहेको छ । आगामी दिनहरुमा शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई मध्यनजर गर्दै यस खातालाई अझ थप परिष्कृत गर्दै लाने छौं ।

- देशको शिथिल अर्थतन्त्र एवं विषम परिस्थितिमा पनि बैंकले आर्थिक वर्ष २०८०/८१ मा रु. ३ अर्ब ८ करोड खुद नाफा आर्जन गरेको छ । बैंकले आर्थिक वर्ष २०८०/८१ को खुद मुनाफाबाट रु. १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि ऋणपत्र भुक्तानी कोष सहित अन्य विभिन्न वैधानिक जगेडा कोष तथा नियमनकारी कोषमा रकम विनियोजन गर्न परेको कारण बैंकको करिब १४.५ प्रतिशतको वास्तविक लाभांश क्षमता हुँदाहुँदै पनि वितरणयोग्य मुनाफामा संकुचन आएकोले बैंकले रु. ५६ करोड ३६ लाख बराबरको अर्थात ४.०० प्रतिशत नगद लाभांश (कर प्रयोजन समेत) वितरण गर्ने प्रस्ताव साधारण सभा समक्ष स्वीकृतिको लागि पेश गरेको छ। यसरी ऋणपत्रको लागि विनियोजित रकम ऋणपत्र परिपक्व भए पछि शेयरधनीहरुलाई नै वितरण गरिन्छ । पूँजिकोष निर्माण प्रयोजनार्थ बैंकले विभिन्न मितिहरुमा जारी गरेका यस्ता ऋणपत्रहरु आ.व. २०८२।८३ बाट परिपक्व हुन प्रारम्भ हुनेछ। आ.व. २०८२।८३ देखि मा रु. २.१६ अर्ब, आ.व. २०८३।८४ मा रु. २.५ अर्ब र आ.व. २०८४।८५ मा रु. ३ अर्ब परिपक्व हुने हुँदा आ.व. २०८२।८३ बाट बैंकको लाभांश क्षमतामा उल्लेख्य वृद्धि हुनेछ । यसरी ऋणपत्र भुक्तानी कोषमा विनियोजित रकमबाट मात्रै कम्तीमा १५% हाराहारीको लाभांश बाँड्न सक्ने क्षमताको निर्माण हुन्छ । यसका अतिरिक्त बैंकले नियमित आर्जन गर्ने प्रत्येक वर्षको खुद मुनाफाबाट सिर्जित लाभांश समेत जोड्दा बैंकले आकर्षक प्रतिफल दिने निश्चित प्राय छ । यसले बैंकको पुँजी वृद्धिमा ठूलो योगदान पुर्याउनेछ । साथै, पुँजी व्यवस्थापनको लागि बैकको प्रति शेयर आम्दानी (EPS) र स्वपुँजीमा प्रतिफल (ROE) मा असर नगर्ने गरी बैंकले रु. ३ अर्ब ५० करोड रुपैंया बराबरको एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रस्ताव गरिमामय सभा समक्ष पेश गरेको छ । यही डिबेन्चरको माध्यमबाट सिर्जना भएको पूँजीलाई सदुपयोग गर्दै बैंकले व्यवसाय विस्तार गरेका छौं र आज सिद्धार्थ बैंक १९६ शाखाबाट देशव्यापी रूपमा सञ्चालन भईरहेको छ भने यसको कारणले बैंकको ब्रान्डीङ पनि विस्तार भइरहेको छ ।

- बैंकको खुद ब्याज आम्दानी (NII) घटिररहेको भन्ने सम्बन्धमा ४.४% मा रहेको औसत ब्याजदर अन्तर (Interest Spread) लाई नियामकीय प्रावधानका कारण ४.०% मा राख्न परेकाले स्प्रेडको गिरावट सँगै बैंकको NII मा पनि कमी आएको जानकारी गराउन चाहन्छौं ।

- देशको अर्थतन्त्रमा थुप्रै किसिमका समस्याहरु आइरहेको अवस्था छ, विशेष गरी कोभिड माहामारी पछाडि आएका केही समस्याहरूले अझै पनि निरन्तरता पाएको कारणले ऋणीहरुमा वित्तीय रुपमा अत्यन्त असहज परिस्थिती सृजना भएको कारण बैंकको कर्जा नोक्सानी व्यवस्था बढ्न गएको छ । त्यसैगरी चालु पूँजी कर्जा मार्गदर्शनका केही व्यवस्थाहरूको कारण पनि कर्जा नोक्सानी व्यवस्था बढेको छ। चालु पूँजी कर्जा मार्गदर्शनले ल्याएको कर्जा जोखिम व्यवस्थापनका राम्रा पक्षहरूलाई बैंकले कार्यान्वयनमा ल्याएको छ र आगामी दिनहरुमा पनि कर्जा नोक्सानी व्यवस्था लाई घटाउन यथेस्ट काम गर्दै वितरण योग्य नाफा बढाउनको लागि बैंकले कर्जा असुली प्रक्रियाहरुलाई चुस्त बनाउन उपयुक्त योजना र रणनीती बनाएर अघि बढ्ने छ ।

SiddharthaBank

- निश्चित रुपले बैंकको निस्कृय कर्जा बढ्दै गएको अवस्था छ । आगामी दिनहरुमा निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राख्नेछ ।

- १७औं वाणिज्य बैंकको रुपमा स्थापित यस बैंक, बैंक तथा वित्तीय संस्थाहरु मर्जरमा जानु भन्दा पहिले विभिन्न सूचकांकहरुमा पाँचौं ठूलो बैंकको रुपमा रहेकोमा पछिल्लो मर्जरको कारण एघारौ बाह्रौं स्थानमा रहेको छ । अर्थतन्त्रको अवस्था, बजारको अवस्था, नियामक प्रावधान आदिले गर्दा अपेक्षित प्रतिफल दिन नसकिएको आजको स्थिति पक्कै पनि हो । आगामी दिनहरुमा अर्थतन्त्रमा आउने सुधार अनुसारनै बैंकहरुको कार्यसम्पादनमा वृद्धि हुने छ भन्ने आश्वस्त पार्न चाहान्छौं । आगामी दिनहरुमा शेयरधनी महानुभावहरुले प्राप्त गर्ने लाभांश दर बढाउनका लागि हामी सबै कटिबद्ध भएर लाग्नेछौं ।

- यसैगरी, बैंकको गैर बैंकिङ्ग सम्पत्ति (NBA) बढिरहेको छ । गत वर्ष सम्पूर्ण बैंक तथा वित्तीय संस्थाको करिब रु. १५ अर्बको NBA अहिले करिब २ गुणाले बढेर रु. ३० अर्ब पुगेको अवस्था बारे यहाँहरु पक्कै पनि अवगत हुनुहुन्छ । यसले अर्थतन्त्रमा एक खालको विषम परिस्थिती रहेको संकेत गरिरहेको छ र यो परिस्थिती केही समय रहिरहने सम्भावनाहरु पनि देखिन्छ । हामीले गत वर्ष भन्दा यस वर्ष NBA मा केहि सुधार गर्ने कोशिस गरेका छौ तर NBA व्यवस्थापनमा NBA सकारदा, बिक्रि गर्दा तथा जग्गाको हदबन्दी लगायतका समस्याका कारण हाम्रा यथेष्ट प्रयासका बावजुद NBA व्यवस्थापनमा अपेक्षित प्रतिफल नआएको आजको कटु सत्य हो । तथापी यहाँहरुले NBA को उचित व्यवस्थापनको लागी दिनुभएका सुझावहरुलाई हामीले मनन गरेका छौं र हामीले ती सुझावहरुलाई कार्यान्वयन गर्ने प्रयास गरिरहेका छौं । NBA लाई यथाशिघ्र डिस्पोज गरेर आफ्नो वितरण योग्य नाफालाई बढाउने हाम्रो प्रयास सदा झै जारी रहने छ ।

- नगद लाभांश या बोनस सेयरको सन्दर्भमा बजार पुँजीकरण, चुक्ता पुँजी तथा प्रति शेयर बुक भ्यालु जस्ता सूचकलाई हामीले मनन् गर्नुपर्दछ । शेयर बजार मूल्य र प्रति शेयर बुक भ्यालको अनुपात अनुसारले कम्पनीको बजार पुँजीकरण हुनु पर्ने हो । बोनश शेयर जारी गरी शेयर संख्या बढाउँदै जाँदा त्यस्तो शेयरको बजार मूल्य घट्दै गएको देखिन्छ । बुक भ्यालु बढी हुने कम्पनीले बोनस शेयर नदिँदा राम्रो हुन्छ । त्यस्तो कम्पनीको चुक्ता पुँजी कम हुन्छ तर बजार पुँजीकरण बढी रहेको हुन्छ । बैंकिङ क्षेत्रको कुरा गर्दा जुन बैंकले जति बढी बोनस शेयर दिएको छ त्यस्ता बैंकहरुको प्रति शेयर बुक भ्यालु बराबरमा सर्वसाधारण शेयरको कारोबार भएको देखिन्छ । नगद लाभांशले संस्थापक एवं सर्वसाधारण शेयरधनी दुवैलाई फाइदा हुने हुन्छ । साथै, साधारण जगेडा कोष बलियो हुने कम्पनी सबल हुनेहुँदा हामीले पनि बैंकको साधारण जगेडा कोष थप बलियो बनाउन प्रयासरत रहनुपर्छ ।

- ऋणीका गुनासाहरुको आत्मासात एवं सम्बोधन गर्दै तथा निक्षेपकर्ताको हक हित सुरक्षण गर्दै, ग्राहकमुखी बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै सबैसँग हातेमालो गर्दै हामी मिलेर अगाडि बढ्ने छौं । यहाँहरुको चाहाना र अपेक्षा अनुरुप सबल, सफल, ग्राहकमैत्री र उचित लाभांश दिन सक्ने बैंक बन्नको लागि हामी सम्पूर्ण सिद्धार्थ बैंक परिवार कटिबद्ध रहेको आश्वासन दिलाउन चाहान्छौं ।

- शेयरधनी, नियामक निकायले दिनु भएका मार्गदर्शन, सल्लाह, सुझावको कारण बैंक यहाँ सम्म आइपुगेको छ । साधारण सभामा उपस्थित भई बैंकको सुधार एवं सुदृढीकरणका लागि दिनु भएका सुझावहरुको बैंकले हार्दिकताका

SiddharthaBank

साथ मनन गरेको छ र यथासम्भव कार्यान्वयन पनि गर्दै आइरहेको छ । यस बैंक सुदृढ, सबल र सक्षम बैंकको रुपमा स्थापित हुन यहाँहरुले दिनु भएको सल्लाह, सुझावको लागि फेरी पनि धन्यवाद ।

## १२. सभाको निर्णयहरु:

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

### (क) सामान्य प्रस्ताव

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको तेइसौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड" को आ.व.२०८०/८१ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११, १६५ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१ र ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिले बैंकमा प्राप्त भएका प्रस्तावहरुको बैंकको लेखापरीक्षण नीति बमोजिम लेखापरीक्षण फर्मले आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति; लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या; अन्य कर्मचारीहरुको संख्या, योग्यता र अनुभव; लेखापरीक्षण गर्ने समुहको योग्यता, अनुभव र यथेष्ट संख्या; लेखापरीक्षण रणनीति; लेखापरीक्षणमा IT Tools को प्रयोग; व्यवस्थापनलाइ दिने पत्र (Management Letter) को गुणस्तर; लेखापरीक्षण प्रमाणको गुणस्तर; लेखापरीक्षण सम्पन्न गर्न लाग्ने समयावधि र लेखापरीक्षण शुल्क आदि समेतको प्राविधिक र वित्तीय मूल्यांकनको आधारमा उच्चतम अंक प्राप्त गर्ने तीन वटा लेखापरीक्षण फर्महरु उच्चतम अंक प्राप्तीको क्रमानुसार क्रमशः S.A.R. Associates & Chartered Aaccountants, PJPN & Co. & Chartered Accountants र MRU Associates मध्येबाट आ.व २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्नका लागि सञ्चालक समितिमा सिफारिस गरेको र सञ्चालक समितिले लेखापरीक्षण समितिको सिफारिसलाई नै अनुमोदन गर्दै साधारण सभा समक्ष लेखापरीक्षक नियुक्तीको प्रस्ताव पेश गरेको थियो ।

यसरी बैंकको लेखापरीक्षण समिति एवं सञ्चालक समितिले साधारण सभा समक्ष लेखापरीक्षक नियुक्तीको लागि पेश गरेको प्रस्तावमा छलफल हुँदा सभाले बैंकको लेखापरीक्षण समिति एवं सञ्चालक समितिले पहिलो स्थानमा सिफारिस गरेको लेखापरिक्षक फर्म S.A.R. Associates, Chartered Accountants, Bishal Nagar, Kathmandu लाई आ.व. २०८१/८२ को लागि बैंकको बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरुको संस्थागत

SiddharthaBank

सुशासन सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन २० (१) बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन, कानुन बमोजिम बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि पारिश्रमिक वापत कुल लेखापरीक्षण शुल्क रु. २५,००,०००/- (अक्षरेपी पच्चिस लाख रुपैंया) भ्याट बाहेक प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४ प्रतिशतका दरले हुने रु. ५६,३५,९९,२०८/- (छपन्न करोड पैतीस लाख उनान्सय हजार दुई सय आठ मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले बहुमतले पारित गऱ्यो ।

६. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ अन्तगर्तको सञ्चालकहरुको निर्वाचन सम्बन्धमा आवश्यक काम कारवाहीका लागि कम्पनी सचिवले प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री प्रसन्न कृष्ष दासलाई आग्रह गर्नु भयो । निर्वाचन अधिकृतले सञ्चालकहरुको निर्वाचन सम्बन्धमा देहाय बमोजिमको प्रतिवेदन सभामा पेश गर्नुभयो ।

- निर्वाचन कार्यालय सिद्धार्थ बैंक लि.को प्रधान कार्यालय नारायणचौर नक्सालमा स्थापना गरिएको । निर्वाचनका लागि बैंकको प्रबन्धपत्र, नियमावली, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, बैंकको निर्वाचन निर्देशिका, २०७२ लगायतका कानूनी उपकरणहरुको प्रयोग भएको ।
- मिति २०८१/०९/१७ गतेका दिन बैंकको प्रधान कार्यालय नक्साल, काठमाण्डौंको सूचना पाटीमा निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम प्रकाशित गरिएको र सो कार्यक्रममा निर्वाचन कार्यलाई अझै सहज र व्यवस्थित गर्न आवश्यक महसूस भएकाले उल्लेखित मितिमा प्रकाशित कार्यक्रममा केहि परिमार्जन गरिएको व्यहोरा अवगत गराउँदै संशोधित निर्वाचन कार्यक्रम मिति २०८१/०९/१७ मा प्रकाशित गरिएको ।
- प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम बैंकको शेयर रजिष्ट्रारबाट प्राप्त शेयर खरीद बिक्री बन्द भए पश्चातको बैंकमा कायम शेयरधनीहरुलाई मतदाता कायम गरी, मतदाताहरुको प्रथम नामावली मितिः २०८१।९।२३ मा प्रकाशित गरिएकोमा सो प्रकाशित मतदाता नामावली उपर तोकिएको समय भित्र कोही कसैको उजुरी नपरेको र सोही बमोजिमको सूचना पनि प्रकाशित गरिएको । साथै, मतदाताहरुको प्रथम नामावली उपर कुनै पनि दाबी विरोध नपरेको हुनाले मितिः २०८१।९।२३ गते १८:०५ बजे बैंकका शेयरधनीको अन्तिम मतदाता नामावली प्रकाशित गरिएको ।
- उम्मेदवारीको मनोनयन पत्र, चेक लिष्ट, उम्मेदवारको घोषणपत्र सहित उपलव्ध गराईएको र सोही आधारमा मिति २०८१।०९।२५ गते अपरान्ह ११:०० बजे देखि १४:०० बजेसम्म उम्मेदवारी फाराम छुट्टाछुट्टै दर्ता रजिष्टर फाराम खडा गरि सो दर्ता रजिष्टरमा स्वघोषणा सहितको उम्मेदवारको तोकिएको समय भित्र प्राप्त भएका मनोनयन पत्र दर्ता गरिएको ।
- बैंकको नियमावलीको नियम ८(२)(क) बमोजिम संस्थापक शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना पदका लागि श्री बिरेन्द्र कुमार शाह, श्री राहुल अग्रवाल र श्री दिनेश शंकर पालिखे गरी ३ जनाको मात्र उम्मेदवारी परेको र नियम ८(२)(ख) बमोजिम सर्वसाधारण शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरु पदको लागि अंकित केडिया (लेभरेज होल्डिङ्ग्स प्रा.लि. प्रतिनिधी) र श्री भोजन अर्याल (रिन्युवल इनभेष्टमेन्ट प्रा.लि. प्रतिनिधि) गरी जम्मा २ जना उम्मेदवारको मात्र उम्मेदवारी दर्ता भएको । उम्मेदवारको प्रथम नामावली प्रकाशन गरिएका र उल्लेखित समय भित्र उल्लेखित उम्मेदवारी उपर कसैको पनि दाविविरोध दर्ता हुन नआएकाले मिति २०८१।०९।२५ का दिन अपरान्ह १७:०५ बजे उम्मेदवारको अन्तिम नामावलीको सूचना प्रकाशित गरिएको र आवश्यक संख्या भन्दा बढी उम्मेदवारी नपरेकाले बैंकको निर्वाचन निर्देशिका २०७२ को दफा १६ को प्रयोजनका लागि सो को सूचना प्रकाशित गरिएको ।

SiddharthaBank

- बैंकको तेइसौं बार्षिक साधारण सभामा बैंकको नियमावलीको नियम ८(२)(क) र (ख) बमोजिम संस्थापक शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जनामा देहाय बमोजिमका व्यक्ति निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो र उक्त घोषणालाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

  (क) श्री बिरेन्द्र कुमार शाह, बानेश्वर, काठमाण्डौ-१०, काठमाण्डौ ।

  (ख) श्री राहुल अग्रवाल, का.म.न.पा. वडा नं. ९, काठमाण्डौ ।

  (ग) श्री दिनेश शंकर पालिखे, पोखरा म.न.पा. ९, कास्की ।

  बैंकको नियमावलीको नियम ८(२)(ख) बमोजिम साधारण शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जनामा देहाय बमोजिमका व्यक्ति निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो र उक्त घोषणालाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

  (क) श्री अंकित केडिया (प्रतिनिधी, लेभरेज होल्डिङ्ग्स प्रा.लि.), बीरगंज ७, पर्सा ।

  (ख) श्री भोजन अर्याल (प्रतिनिधि, रिन्युवल इन्भेष्टमेन्ट प्रा.लि.) का.म.न.पा. वडा नं. १६, काठमाण्डौ ।

नवनिर्वाचित सञ्चालकज्यूहरुलाई निर्वाचन अधिकृतले निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै फुल माला पहिराई पुष्प गुच्छा प्रदान गरी हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो । यसैगरी नवनिर्वाचित सञ्चालकज्यूहरुलाई अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिवले पनि हार्दिक बधाई ज्ञापन गरी कार्यकालको सफलताको शुभकामना दिनुभयो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम देहायका व्यवस्था तथा शर्तहरु सहित प्रचलित ऐन, कानुन, नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही लाभांश दर ८.२५ प्रतिशतमा नबढने गरी प्रति शेयर रु. १०० अंकित दरले रु. ३ अर्ब ५० करोड रुपैंया बराबरको "एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" (SBL 8.25% Perpetual Non Cumulative Preference Share) सम्बन्धित नियमनकारी निकायको स्विकृती पश्चात् जारी गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी पेश गरिएको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

| विवरण | व्यवस्था तथा शर्तहरु |
|---|---|
| उपकरणको नाम | "एसबिएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर (SBL 8.25% Perpetual Non Cumulative Preference Share) |
| उपकरणको प्रकृति | अविमोच्य असञ्चिति अग्राधिकार शेयर |
| अग्राधिकार शेयर पूँजी | रु. ३,५०,००,००,०००।- (तीन अर्ब पचास करोड) । |
| अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने संख्या | ३ करोड ५० लाख किता |
| प्रति शेयर अकिंत मुल्य र जारी गर्ने मुल्य | रु. १०० |
| अवधि | अविमोच्य (Perpetual) |
| लक्षित लगानीकर्ता | संस्थागत लगानीकर्ता |
| रिडिमेवल/इरिडिमेवल | इरिडिमेवल |

| | |
|---|---|
| लाभांशको दर/ लाभांशको भुक्तानीको प्रक्रिया | **क**) ८.२५% वार्षिक नगद लाभांश (सम्बन्धित आर्थिक वर्षमा वितरणयोग्य मुनाफा उपलब्ध भएको खण्डमा मात्र)<br><br>**ख**) बुँदा क) बमोजिमको वितरण योग्य मुनाफा सम्पूर्ण नाफा नोक्सान हिसाबको नियामकीय बाँडफाँड तथा पुरक पूँजीमा गणना हुने उपकरणको लागी आवश्यक कोषको बाँडफाँडपछिको बाँकी रकम हुनेछ ।<br><br>**ग**) अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश बैंकको सञ्चित मुनाफा वा अन्य कुनै कोषबाट वितरण हुने छैन ।<br><br>**घ**) यदि बुँदा क) बमोजिमको वितरणयोग्य मुनाफा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश रकम भन्दा कम भएमा उपलब्ध वितरणयोग्य मुनाफा रकम सम्म समानुपातिक रुपमा वितरण गरिने छ ।<br><br>**ङ**) शेयरधनी दर्ता किताब बन्द हुने समय :<br>वार्षिक साधारण सभा भन्दा अगावै साधारण शेयरधनीको जस्तै अग्राधिकार शेयरधनी दर्ता किताब बन्द हुने (शेयरधनी दर्ता किताब बन्द हुने दिन सम्म अद्यावधिक भई कायम रहेका अग्राधिकार शेयरधनी नगद लाभांशको लागी योग्य हुने ) ।<br><br>**च**) भुक्तानीको समय : वार्षिक रुपमा साधारण सभाले स्विकृत गरे पश्चात् ।<br><br>**छ**) अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भएको पहिलो वर्षमा शेयर बाँडफाँड भएको मितिदेखि उक्त आर्थिक वर्षमा बाँकि रहेको अवधिको अनुपातको आधारमा नगद लाभांश वितरण हुने । |
| अन्तरिम लाभांश | लागू नहुने । |
| दामासाही वा खारेजी अवस्थामा भुक्तानीमा अग्राधिकार | बैंकको दामासाही वा खारेजी अवस्थामा अविमोच्य असञ्चिति अग्राधिकार शेयरको भुक्तानीमा दाबी साधारण शेयर भन्दा अगाडि र अन्य पुरक पूँजीमा गणना हुने उपकरण र साहुहरु भन्दा पछाडि हुनेछ । |
| साधारण शेयरमा परिणत हुने/नहुने | परिणत नहुने (तर तोकिएको ट्रिगर बिन्दुमा पुगेको अवस्थामा नोक्सानी प्रशोचन गर्ने प्रयोजनको लागि बैंकको सञ्चालक समितिको निर्णय बमोजिम नियमनकारी निकायको स्वीकृति लिई संस्थापक समुहको साधारण शेयरमा परिणत हुने । |
| यदि साधारण शेयर प्राथमिक पूँजी (CET 1 Capital), कुल जोखिम भारित सम्पतिको ५.१२५ प्रतिशत भन्दा कम भएमा (ट्रिगर बिन्दुमा पुगेको अवस्था) नोक्सानी प्रशोचन | **क**) संस्थापक समुहको साधारण शेयरधनीमा परिणत हुने ।<br><br>**ख**) परिवर्तित अनुपात : परिणत हुने समयको बैंकको संस्थापक समुहको साधारण शेयरको प्रचलित बजार मुल्य र अग्राधिकार शेयरको अकिंत मुल्यको अनुपातमा |

SiddharthaBank

| | |
|---|---|
| गर्ने प्रयोजनको लागी साधारण शेयरमा परिणत हुन सक्ने । | हुने । यसरी परिणत गर्दा संख्या निर्धारण गर्ने विधि/सुत्र बैंकको सञ्चालक समितिले निर्धारण गरी विवरणपत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।<br><br>**ग)** यसरी परिणत गर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति आवश्यक भएमा सो स्वीकृति प्राप्त भए पश्चात् मात्र हुनेछ । |
| मताधिकार | मताधिकार नहुने |
| असञ्चिति/सञ्चिति | असञ्चितिः यदि कुनै वर्षमा बैंकको वितरणयोग्य मुनाफा पर्याप्त नभएको कारणले अग्राधिकार शेयरको नगद लाभांश वितरण नगरेमा वा कम वितरण गरेमा पछिल्ला आर्थिक वर्षहरुमा वितरणयोग्य मुनाफा भएमा वा आवश्यक नियामकीय पूँजी अनुपात कायम भएमा पनि अपुग रकम वितरण/भुक्तानी नहुने । |
| सुचीकरण | अविमोच्य असञ्चिति अग्राधिकार शेयर सम्बन्धित नियामकीय निकायको स्विकृति पश्चात् स्टक एक्चेन्जमा सूचीकृत हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरको कारोबार संस्थागत लगानिकर्तामा मात्र सिमित हुनेछ । |
| अन्य कुराहरु | (क) हाल जारी हुने अविमोच्य असंचिति अग्राधिकार शेयरको हकमा नेपाल राष्ट्र बैंकले कुनै तरिकाले विमोच्य र संचितिको रुपमा परिणत गर्न सक्ने वा अन्य कुनै थप सुविधा उपलब्ध हुने व्यवस्था भएको खण्डमा सञ्चालक समितिले नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेमा स्वीकृति लिई शर्तहरुमा सोही बमोजिम हेरफेर गर्न सक्ने ।<br><br>(ख) यस अविमोच्य असंचिति अग्राधिकार शेयर जारी गर्ने क्रममा कुनै थप निर्णय आवश्यक भएमा, नियमनकारी निकायले तोकेको कुनै शर्त वा दिएको कुनै निर्देशन बमोजिम अग्राधिकार शेयरका शर्तहरु हेरफेर गर्नुपर्ने वा मिलाउनु पर्ने भएमा सो सम्पूर्ण कार्य गर्न सक्ने गरी सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गरिएको छ । |

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको पूँजी वृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पूँजी रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) रहेकोमा सोलाई वृद्धि गरी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब मात्र ) पुऱ्याउने प्रस्ताव पारित गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

४. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात् बैंकको हाल कायम चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार



SiddharthaBank

एक सय पचासी रुपैंया मात्र) लाई वृद्धि गरी रु. १७,५८,९९,८०,१८५/- (अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**५**. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्ने प्रयोजनका लागि प्रबन्धपत्र तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा देहाय बमोजिम आवश्यक थप संशोधन/परिमार्जन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**सिद्धार्थ बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा**
**प्रबन्धपत्रमा संशोधन/थप/घटको तीनमहले विवरण**

| दफा | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| **५(१)क** | बैंकको अधिकृत पूँजी रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैया मात्र) का दरले १६,००,००,००० साधारण शेयरमा विभाजन गरिएको छ । | बैंकको अधिकृत पूँजी रु. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब मात्र ) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैया मात्र) का दरले १६,५०,००,००० साधारण शेयर र ३,५०,००,००० अग्राधिकार शेयरमा विभाजन गरिएको | अग्राधिकार शेयरका कारण बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न आवश्यक भएकाले । |
| **५(१)ख** | बैंकको जारी पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । | बैंकको जारी पूँजी रु. १७,५८,९९,८०,१८५/- ( अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैया मात्र) का दरले १४,०८,९९,८०१.८५ साधारण शेयर र ३,५०,००,००० अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | |
| **५(१)ग** | बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । | बैंकको चुक्ता पूँजी रु. १७,५८,९९,८०,१८५/- ( अक्षरेपी सत्र अर्ब अन्ठाउन्न करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) हुनेछ । जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैया मात्र) का दरले १४,०८,९९,८०१.८५ साधारण शेयर र ३,५०,००,००० अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | |
| **५(१)घ** | बैंकको जारी पूँजीको ४९% (उनन्चास प्रतिशत) शेयर सर्वसाधारणको लागि छुट्टाइएको छ । | अग्राधिकार शेयर बाहेकको बैंकको जारी पूँजीको ४९% (उनन्चास प्रतिशत) शेयर सर्वसाधारणको लागि छुट्टाइएको छ । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन |

| | | | |
|---|---|---|---|
| ५(१)ङ | बैंकको जारी पूँजीको समूहगत शेयर देहाय बमोजिम हुनेछः<br>समूह (क) संस्थापक शेयरधनीहरु - ५१%<br>समूह (ख) सर्वसाधारण शेयरधनीहरु - ४९% | बैंकको जारी पूँजीको समूहगत शेयर देहाय बमोजिम हुनेछः<br>समूह (क) संस्थापक शेयरधनीहरु - ५१%<br>समूह (ख) सर्वसाधारण शेयरधनीहरु - ४९%<br>समूह (ग) अग्राधिकार शेयर<br>तर समूह (ग) अन्तर्गतको अग्राधिकार शेयरमा कुनै प्रकारको मताधिकार हुने छैन । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |
| ५(१)छ | जुन समूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति वा संस्थालाई सोही समूहमा वर्गीकरण गरिनेछ । | जुन समूहको शेयर (अग्राधिकार शेयर सहित) खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति वा संस्थालाई सोही समूहमा वर्गीकरण गरिनेछ । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |
| ५(१)ज | नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिइ प्रचलित कम्पनी सम्बन्धी कानून, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | बैंकले प्रचलित कम्पनी सम्बन्धी कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही नियमनकारी निकायको पूर्व स्वीकृति लिई आवश्यकता अनुसार आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । यसैगरी नियमनकारी निकायले तोकिदिएको सीमाभित्र रही नयाँ निष्काशन (फर्दर पब्लिक ईस्यु), शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्न सक्नेछ । | अग्राधिकार शेयर जारीका कारण प्रष्ट्याउन र थप व्यवस्था गर्न । |
| ५(१)ञ | संस्थापक शेयरधनीहरु बाहेक अन्य कुनै एक नेपाली नागरिक, फर्म वा कम्पनीले चुक्ता पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी शेयर खरिद गर्न र आफ्नो नाममा राख्न सक्ने छैन । | संस्थापक शेयरधनीहरु बाहेक अन्य कुनै एक नेपाली नागरिक, फर्म वा कम्पनीले चुक्ता पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी शेयर खरिद गर्न र आफ्नो नाममा राख्न सक्ने छैन । तर, यो बन्देज अग्राधिकार शेयरको हकमा लागु हुने छैन । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |
| ६ | **बैंकको शेयरको किसिमः**<br>हाल बैंकका सबै शेयरहरु साधारण शेयर रहने छन् । बैंकले भविष्यमा पूँजीको आवश्यकता एवं त्यसको पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी तथा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई फिर्ता हुने (Redeemable), फिर्ता नहुने (Ireedemable) तथा अन्य प्रकारका अग्राधिकार शेयरहरु विवरणपत्र प्रकाशन गरी जारी गर्न सक्नेछ । | **बैंकको शेयरको किसिमः**<br>हाल बैंकका सबै शेयरहरु साधारण शेयर रहने छन् । बैंकले भविष्यमा पूँजीको आवश्यकता एवं त्यसको पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी तथा नियमनकारी निकायको स्वीकृति लिई अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) जारी गर्न सक्नेछ । यसरी अग्राधिकार शेयर जारी गर्दा सो सम्बन्धी तोकिएका व्यवस्था तथा शर्तहरु सम्बन्धमा प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुले समय समयमा तोके बमोजिम हुनेछ । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |



SiddharthaBank

| | | | |
|---|---|---|---|
| ७(घ) | संस्थापक समुह बाहेक कुनै पनि व्यक्तिले बैंकको कुल जारी पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी र १० शेयरभन्दा घटी शेयर लिन पाउने छैनन् । तर, यो बन्देज हकप्रद शेयर र बोनस शेयरको हकमा लागु हुने छैन । | संस्थापक शेयरधनीहरु बाहेक अन्य कुनै एक नेपाली नागरिक, फर्म वा कम्पनीले चुक्ता पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी शेयर खरिद गर्न र आफ्नो नाममा राख्न सक्ने छैन । तर, यो बन्देज अग्राधिकार शेयरको हकमा लागु हुने छैन । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |

**सिद्धार्थ बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा**
**नियमावलीमा संशोधन/थप/घटको तीनमहले विवरण**

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५ | **गणपूरक संख्या :**<br>कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको कामकारवाही हुने छैन ।<br><br>तर नियम ४ को उपनियम ६ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | **गणपूरक संख्या :**<br>अग्राधिकार शेयर बाहेकको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको कामकारवाही हुने छैन ।<br><br>तर नियम ४ को उपनियम ६ मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | अग्राधिकार शेयर जारीका कारण थप प्रष्ट्याउन । |
| ६(१७) | सञ्चालकको निर्वाचन लगायतका मतदानमा प्रत्येक शेयरका लागि एक मतको दरले शेयरधनीहरुको मत संख्या उनीहरुले खरिद गरेको शेयरको अनुपातमा हुनेछ । मतदान भएमा मत दिने अधिकार भएका सबै | सञ्चालकको निर्वाचन लगायतका मतदानमा प्रत्येक शेयर का लागि एक मतको दरले शेयरधनीहरुको मत संख्या उनीहरुले खरिद गरेको शेयरको अनुपातमा हुनेछ । मतदान भएमा मत दिने अधिकार भएका सबै शेयरधनीहरुले आफै वा आफ्ना कानूनी प्रतिनिधिद्वारा मत दिन सक्नेछन् । तर अग्राधिकार शेयरमा | अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारीका |



SiddharthaBank

| | | | |
|---|---|---|---|
| | शेयरधनीहरुले आफै वा आफ्ना कानूनी प्रतिनिधिद्वारा मत दिन सक्नेछन् । | सञ्चालकको निर्वाचन एवं मतदानको अधिकार हुने छैन । | कारण थप प्रष्ट्याउन । |
| १५ | **सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या :**<br>कुनै पनि व्यक्ति बैंकको संचालकको पदमा निर्वाचित हुनको लागि योग्य हुन बैंकको कम्तीमा १०० (एक सय) शेयर आफ्नो नाउँमा लिएको हुनुपर्नेछ । तर, नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले शेयर लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | **सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या :**<br>कुनै पनि व्यक्ति बैंकको संचालकको पदमा निर्वाचित हुनको लागि योग्य हुन बैंकको कम्तीमा १०० (एक सय) साधारण शेयर आफ्नो नाउँमा लिएको हुनुपर्नेछ । तर, नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले शेयर लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | अग्राधिकार शेयर जारीका कारण थप प्रष्ट्याउन । |
| २५.१ | **विभिन्न वर्गका शेयर, शेयरधनीको हक तथा विशेष सुविधा :**<br>साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्ध पत्रको दफा ५ मा भए बमोजिम हुने छ । | **विभिन्न वर्गका शेयर, शेयरधनीको हक तथा विशेष सुविधा :**<br>बैंकमा साधारण तथा अग्राधिकार शेयरहरु रहने छन् । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा भए बमोजिम हुने छ । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |
| २५.२ | **बैंकको शेयरको किसिम तथा जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछः**<br>१. बैंकको हाल साधारण शेयरहरु मात्र रहनेछन् । | **बैंकको शेयरको किसिम तथा जारी पूँजीको समूहगत शेयर स्वामित्व देहाय अनुसार हुनेछः**<br>१. बैंकमा साधारण तथा अग्राधिकार शेयरहरु रहने छन् । तर अग्राधिकार शेयरको कुनै मताधिकार हुने छैन । | अग्राधिकार शेयरका कारण थप प्रष्ट्याउन । |
| २५.७ | संस्थापक शेयरधनीहरु बाहेक अन्य कुनै एक नेपाली नागरिक, फर्म वा कम्पनीले चुक्ता पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी शेयर खरिद गर्न र आफ्नो नाममा राख्न सक्ने छैन । | संस्थापक शेयरधनीहरु बाहेक अन्य कुनै एक नेपाली नागरिक, फर्म वा कम्पनीले चुक्ता पूँजीको २% (दुई प्रतिशत) भन्दा बढी शेयर खरिद गर्न र आफ्नो नाममा राख्न सक्ने छैन । तर यो बन्देज अग्राधिकार शेयरको हकमा लागु हुने छैन । | अग्राधिकार शेयर जारीका कारण थप प्रष्ट्याउन । |
| २५.८ | प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम बैंकका शेयरधनीहरुलाई कम्पनीको साधारण | प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्था बमोजिम बैंकका मताधिकार प्राप्त शेयरधनीहरुलाई | अग्राधिकार शेयर जारीका |



Siddhartha Bank

| | | | |
|---|---|---|---|
| | शेयरमा निहित हक तथा विशेष सुविधा प्राप्त हुनेछ । | मात्र कम्पनीको साधारण शेयरमा निहित हक तथा विशेष सुविधा प्राप्त हुनेछ । | कारण थप प्रष्ट्याउन । |
| २६ | **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था :** बैंकले भविष्यमा पूँजीको आवश्यकता तथा त्यसको पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी तथा नेपाल राष्ट्र बैंकको स्वीकृत लिई फिर्ता हुने ( रिडिमेवल), फिर्ता नहुने (इरिडिमेवल) तथा अन्य प्रकारका अग्राधिकार शेयरहरु जारी गर्न सक्नेछ । | **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था :** बैंकले भविष्यमा पूँजीको आवश्यकता एवं त्यसको पर्याप्तताका आधारमा प्रचलित कानून बमोजिम साधारण सभामा प्रस्ताव पारित गरी तथा नियमनकारी निकायको स्वीकृति लिई अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) जारी गर्न सक्नेछ । यसरी अग्राधिकार शेयर जारी गर्दा सो सम्बन्धी तोकिएका व्यवस्था तथा शर्तहरु सम्बन्धमा प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुले समय समयमा तोके बमोजिम हुनेछ । | अग्राधिकार शेयर जारीका कारण थप प्रष्ट्याउन । |
| २९ | **शेयर पूँजीमा हेरफेर :** नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिई प्रचलित कम्पनी सम्बन्धी कानून, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकले आफ्नो शेयर पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | **शेयर पूँजीमा हेरफेर :** बैंकले प्रचलित कम्पनी सम्बन्धी कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही नियमनकारी निकायको पूर्व स्वीकृति लिई आवश्यकता अनुसार आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । यसैगरी नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही नयाँ निष्काशन (फर्दर पब्लिक ईस्यु), शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्न सक्नेछ । | अग्राधिकार शेयर जारीका कारण प्रष्ट्याउन र थप व्यवस्था गर्न । |

६. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ बमोजिम सञ्चालकको भत्ता तथा सुविधामा थप तथा हेरफेर र सो बमोजिम बैंकको नियमावलीमा देहाय बमोजिम सामयिक संशोधन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**सिद्धार्थ बैंक लिमिटेडको तेईसौं वार्षिक साधारण सभा**
**नियमावलीमा संशोधन/थप/घटको तीनमहले विवरण**

| नियम | विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ३१.१ (क) | **१. सञ्चालकहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :** | **१. सञ्चालहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :** | सञ्चालकको बैठक भत्ता समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले । |


SiddharthaBank

| | | | |
|---|---|---|---|
| | प्रति बैठक अध्यक्षलाई रु. १८,००० का दरले र सञ्चालकलाई रु. १४,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका ( माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ । | प्रति बैठक अध्यक्षलाई रु. २५,०००/- का दरले र सञ्चालकलाई रु. २०,०००/- का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका (माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ । | |
| ३१.१ (क) | ३. पत्रपत्रिका तथा संचार खर्च वापत सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुलाई प्रति महिना एकमुष्ठ रु. १२,००० उपलब्ध गराईनेछ | ३. परिवहन खर्च, पत्रपत्रिका तथा संचार खर्च वापत सञ्चालक समितिका अध्यक्षलाई प्रति महिना एकमुष्ठ रु. २०,०००/- तथा सञ्चालकहरुलाई प्रति महिना एकमुष्ठ रु. १८,०००/- उपलब्ध गराईनेछ । | शीर्षक मिलान तथा सञ्चालकको पत्रपत्रिका तथा संचार खर्च समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले । |

७. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ७ बमोजिम माथि प्रस्ताव गरिए बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन, अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृती र अभिलेखका क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन सुझाव प्राप्त भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

८. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ८ बमोजिम बैंकले आ.व. २०८०/८१ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको आर्थिक सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

**क) स्वास्थ्य**

- बालबालिकाहरूलाई उचित र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ निर्माण भइरहेको हेपाली हाइट, काठमाडौंस्थित काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थको बाल अस्पताललाई रू. १ करोड प्रदान गर्नेसम्बन्धी सम्झौता गरिएको छ । बैंकले रू. २० लाख यसै आर्थिक वर्षमा प्रदान गरेको छ भने बाँकी रकम कार्य सम्पादनको विवरणहरू हेरी सम्झौताअनुसार प्रदान गर्दै जानेछ ।
- आम्दा-नेपाल (AMDA–Nepal) अन्तर्गत स्थापना भएको सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवललाई रू. १६ लाख ३६ हजार बराबरका आठवटा पेसेन्ट मोनिटर प्रदान गरिएको छ ।
- पोखरा विश्वविद्यालय शिक्षण अस्पताललाई रू. १२ लाख ९९ हजार बराबरको अपरेसन थिएटर टेबल सहयोग गरिएको छ ।

- बैंकको २१औं वार्षिकोत्सवको अवसरमा देशका सातै प्रदेशहरूमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । उक्त रक्तदान कार्यक्रमको कुल खर्च रू. ६ लाख रहेको थियो ।
- बारा जिल्लाको सिमरामा रहेका शिविरमार्फत पहिचान गरेको ८६ जनालाई मोतियाविन्दु शल्यक्रियाका लागि नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौंलाई रू. ५ लाख प्रदान गरिएको छ ।
- ३० वटा डबल डेकर बेड निर्माणका लागि कारागार कार्यालय, मोरङलाई रू. ३ लाख प्रदान गरिएको छ ।
- नेपाल अर्बुद रोग निवारण संस्था, ललितपुरको भवनमा अर्बुद रोगको रोकथामका लागि परीक्षण केन्द्रको निर्माण गर्न रू. २ लाख प्रदान गरिएको छ ।
- वेगनासकाली गाउँपालिका, पाल्पाका स्थानीय बासिन्दाहरूका लागि निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्न श्री रिडी-राम्दी पाल्पाली समाजलाई रू. २ लाख रकम प्रदान गरिएको छ ।
- राप्ती एकेडेमी अफ हेल्थ साइन्स, घोराहीलाई रू. १ लाख ८६ हजारबराबरको टिकट जारी गर्ने (टोकन) मेसिन सहयोग प्रदान गरिएको छ ।
- ललितपुरमा आयोजित दुईदिने 'असंक्रमणीय रोग पहिचान र मानसिक स्वास्थ्यसम्बन्धी स्वास्थ्य शिविर' सञ्चालनका लागि श्री ललितपुर नर्सिङ क्याम्पसलाई रू. १ लाख ५० हजार प्रदान गरिएको छ ।

**ख) शिक्षा**

- श्री अमरसिंह मा.वि., पोखरा, कास्कीलाई बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रू. ३८ लाख २४ हजार बराबरका २० थान कम्प्युटर, ५ KVA यूपीएस ब्याट्री, २०० WSP सोलार र दृष्टिविहीन विद्यार्थीहरूका लागि बहुउद्देश्यीय हल र रेलिङ निर्माण गरी हस्तान्तरण गरिएको छ । यस कार्यको सुरुवात अघिल्लो आर्थिक वर्षमा नै भएको थियो भने कार्य सम्पन्न यस आर्थिक वर्षमा भएको हो ।
- श्री माध्यमिक विद्यालय, धनुषामा शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले सीपयुक्त व्यक्ति परिचालन गर्न टिच फर नेपाललाई रू. ५ लाख प्रदान गरिएको छ ।
- श्री राउन्ड टेबल नेपालको समन्वयमा श्री विश्व हिन्दु संस्कृति विद्यापिट, विरगंजको पूर्वाधार (कक्षा, पुस्तकालय, शौचालय र पर्खाल) पुनर्निर्माणका लागि रू. ३ लाख ५० हजार प्रदान गरिएको छ ।
- नुवाकोट जिल्लास्थित श्री ब्रह्मेश्वर वेद विद्याश्रमलाई रू. २ लाख ४४ हजार रकम बराबरको २४ वटा डेस्कबेन्च प्रदान गरिएको छ ।
- कञ्चनपुर जिल्लाका २५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई सफा पानीको व्यवस्थापन गर्ने उद्देश्यले प्रतिविद्यालय २ बायो स्यान्ड फिल्टर प्रदान गरिएको छ । उक्त ५० वटा बायो स्यान्ड फिल्टरको खर्च रू. २ लाख २५ हजार रहेको छ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक र सामाजिक रूपमा पिछडिएका विद्यार्थीहरूलाई निःशुल्क पोशाक र अन्य आवश्यक शैक्षिक सामग्रीहरूका लागि धनगढी उपमहानगरपालिकाद्वारा सञ्चालित 'नगर प्रमुख शैक्षिक सुधार' कोषमा रू. २ लाख १० हजार प्रदान गरिएको छ ।
- गुणस्तरीय शिक्षाअन्तर्गत पर्सा जिल्ला ठोरी गाउँपालिकामा अवस्थित दुई सामुदायिक विद्यालय, पर्सागढी नगरपालिकामा अवस्थित तीन सामुदायिक विद्यालय र धोविनी गाउँपालिकामा अवस्थित पाँच सामुदायिक विद्यालय गरी जम्मा १० वटा सामुदायिक विद्यालयहरूलाई रू. २ लाखबराबरको नेपाली विषयको शैक्षिक सामग्री (टेक प्रोडक्ट) प्रदान गरिएको छ ।



SiddharthaBank

- दाङ जिल्लामा अवस्थित नेपाल संस्कृत विश्वविद्यालयलाई रु १ लाख ७७ हजार बराबरको शैक्षिक सामग्री सहयोग प्रदान गरिएको छ ।
- जितपुर बारामा अवस्थित अहिंसावादी साङ्गे छ्योइलिङ आधारभूत बौद्ध विद्यालयको हेरचाहमा रहेका विद्यार्थीहरूका लागि रू. १ लाख ७१ हजारबराबरका ७ इकाइ डबल बेड प्रदान गरिएको छ ।
- जनता माध्यमिक विद्यालय, जुम्लालाई रू. १ लाख ५८ हजारबराबरको शैक्षिक सामग्री प्रदान गरिएको छ ।
- विद्यार्थीहरूका लागि साइकल पार्किङ स्थान निर्माणका लागि कञ्चनपुर, भीमदत्त नगरपालिकास्थित श्री लक्ष्मी माध्यमिक विद्यालयलाई रू. १ लाख २० हजार प्रदान गरिएको छ ।
- कैलालीस्थित श्री धनगढी नमुना प्राविधिक माध्यमिक विद्यालयमा विद्यार्थीहरूका लागि साइकल पार्किङ स्थान रू. १ लाखको लागतमा निर्माणको गरिएको छ ।

**ग) वित्तीय साक्षरता**

- महिला उद्यमीहरूको वित्तीय ज्ञान र मनोवृत्तिमा सुधारको उद्देश्यले बुटवल र नेपालगञ्जमा २५५ जना महिला उद्यमीहरूको सहभागिता रही आयोजना गरिएको कार्यक्रमका लागि रू. १२ लाख ४३ हजार खर्च गरिएको छ ।
- बैंकिङ अपराध र डिजिटल ठगीसम्बन्धी सचेतना फैलाउन बैंकले नेपाल प्रहरीसँग सहकार्य गर्दै दुई लघु चलचित्र रू. १० लाखमा निर्माण गरेको छ ।
- आर्थिक पत्रकारहरूको वित्तीय साक्षरता कार्यक्रमका लागि रू. ५ लाख प्रदान गरिएको छ ।
- हिमालयन टेलिभिजनको 'वित्तीय शिक्षा' नामक कार्यक्रममा सचेतनामूलक सामग्री प्रसारणका लागि रू. ५ लाख रकम खर्च गरिएको छ ।
- ४० जना शाखारहित बैंकिङ एजेन्टहरूको वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहारमा सुधार ल्याउने उद्देश्यले वित्तीय साक्षरता कार्यक्रमका लागि रू. ४ लाख ३६ हजार खर्च गरिएको छ ।
- उज्यालो रेडियो नेटवर्कको कार्यक्रम कायाकैरन र नेपाल दर्पणमा सचेतनामूलक सामग्री प्रसारणमा रू. २ लाख ३ हजार रकम खर्च गरिएको छ ।
- बैंकले 'ग्लोबल मनी विक २०२४' को अवसरमा नेपालका सातैवटा प्रदेशका ३४ स्थानहरूमा वित्तीय साक्षरता कार्यक्रम, १२ स्थानमा बैंक शाखा भ्रमण कार्यक्रम र सामाजिक सञ्जालमा क्वीज कन्टेस्ट सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमहरूको कुल खर्च रू. १ लाख ७ हजार रहेको छ ।

**घ) वातावरण**

- विश्व वातावरण दिवसको अवसरमा स्वच्छ वातावरण निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले सातै प्रदेशको विभिन्न स्थानहरूमा सरसफाइ कार्यक्रमका साथै नो प्रिन्ट डे, फोहोर व्यवस्थापनको सेमिनार र बैंक शाखामार्फत स-साना बिरुवा वितरणजस्ता कार्यक्रमहरू आयोजना गरी सो दिवस मनाइएको छ । विश्व वातावरण दिवसको कुल खर्च रू. ३ लाख ९१ हजार रहेको छ ।
- बाँके जिल्लास्थित खजुरा गाउँपालिकामा सञ्चालित बृहत वृक्षरोपण अभियानका लागि आवश्यक १०० वटा ट्रि गार्ड खरिद गर्न खजुरा गाउँपालिकालाई रू. २ लाख ८० हजार प्रदान गरिएको छ ।
- वालिङ नगरपालिका- ८, काफलडाँडास्थित श्री धुनी शिवालय फूलबारी गुठी गौशाला आश्रमलाई वालिङ नगर क्षेत्रमा जथाभावी छोडिएका १५० गाईहरूको व्यवस्थापन तथा पालनपोषणका लागि स्थापना गरिएको अक्षय कोषमा रू. २ लाख ३१ हजार प्रदान गरिएको छ ।

- भूमि सुधार तथा मालपोत कार्यालय, जनकपुरमा सेवाग्राहीहरूको सुविधाका लागि रू. १ लाख २५ हजारको लागतमा शौचालय मर्मत गरिएको छ ।
- विश्व पृथ्वी दिवसको अवसरमा सातै प्रदेशमा वातावरण सर-सफाइ र वातावरणसम्बन्धी चित्रकला कार्यक्रमजस्ता कार्यक्रमहरू आयोजना गरी सो दिवस मनाइएको छ भने उक्त कार्यक्रमहरूको कुल खर्च रू. १ लाख ८ हजार रहेको छ ।
- सर्लाहीको हरिवन नगरपालिका -४ मा कृषि प्रयोजनका लागि रू. १ लाख ५ हजार रकमबराबरका ३० वटा स्प्रे ट्यांक हरिवन नगरपालिकाको समन्वयमा पिछडिएका तथा वञ्चित समुदायको परिवारलाई वितरण गरिएको छ ।

**ङ) विपद् व्यवस्थापन**

- जाजरकोट र रुकुममा भूकम्पका कारण प्रभावितका लागि राहतस्वरूप जिल्ला विपद् व्यवस्थापन समिति रुकुमद्वारा सञ्चालित एकद्वार राहत संकलन र वितरण केन्द्रलाई ४५० घर परिवारलाई लक्षित गरी रू. १४ लाख ९३ हजारबराबरको चामल, दाल, नुन, तेल र मसलाजस्ता खाद्यान्न सामग्रीहरूको राहत प्याकेज बनाई हस्तान्तरण गरिएको छ ।

**च) संस्कृति**

- संस्कृति प्रवर्द्धनका लागि इन्द्रजात्रा मनाउन गंगा क्लब, काठमाडौंलाई टि-सर्ट, पूजा सामग्री, सगुन आदि खरिदका लागि रू. १ लाख २९ हजार सहयोग गरिएको छ ।

**छ) पूर्वाधार र सुरक्षा**

- ग्रीन पार्क, लमही, दाङमा प्रतीक्षालय निर्माणका लागि रू. १ लाख ४१ हजार प्रदान गरिएको छ ।
- तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई रु १ लाख ४ हजारबराबरको कार्यालय सामग्री प्रदान गरिएको छ ।
- अर्घाखाँची जिल्लास्थित पाणिनी गाउँपालिका-६ मा निर्माणाधीन भवनका लागि नेपाल मानव धर्म सेवा समिति, काठमाडौंलाई रू. १ लाख प्रदान गरिएको छ ।

**ज) लैङ्गिक समानता**

लैङ्गिक समानता र महिला सशक्तीकरणअन्तर्गत कोशी प्रदेशमा महिला उद्यमीहरूले उत्पादन गरेका वस्तुहरूलाई उच्च प्राथमिकता दिने उद्देश्यले नेपाल उद्योग परिसंघद्वारा आयोजित 'महिला एक्स्पो २०८०' मा रू. १ लाख प्रदान गरिएको छ ।

(ग) **विविध -** विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. <u>सभा विसर्जन:</u>**

सभाको अन्तमा अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । कठीन अवस्थामा पनि यस बैंक अझै सुदृढ भई काम गर्दै जानेछ । भविष्यमा आउने

कचुनौतीहरुको सामना गरी आदरणीय शेयरधनी महानुभावले दिनुभएका सल्लाह, सुझावहरुलाई आत्मसाथ गरी थप उर्जाका साथ अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सभा अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विषेश प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा/बहुमतले पारित भएको घोषणा गर्नु भयो ।

यसैगरी, सिद्धार्थ बैंकसँगको पच्चीस वर्षको सक्रिय यात्रा पुरा गर्दै बैंकको अध्यक्षको जिम्मेवारीबाट आफुले आजको साधारण सभाबाट विश्राम लिन लागेको सभालाई जानकारी गराउनुभयो र आगामी दिनहरुमा अप्रत्यक्ष रुपमा सिद्धार्थ बैंकलाई सधैं सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । साथै, निर्विरोध निर्वाचित हुनु भएका नवनिर्वाचित सञ्चालकहरुलाई हार्दिक बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो । यस बैंक जुन संस्थागत सुशासन, आचारसंहिता, मूल्य, मान्यता र धारणा अनुरुप चलेको थियो आगामी दिनमा पनि यसरी नै चलिरहोस् भनि शुभकामना पनि व्यक्त गर्नु भयो ।

यसैगरी, सञ्चालकको कार्यकाल सकाएका बैंक सञ्चालक समितिका निवर्तमान सञ्चालक श्री नरेन्द्र कुमार अग्रवाललाई यस बैंकको सञ्चालक समितिमा रही बैंकको विकास एवं उन्नतीको लागि पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै वहाँको व्यक्तिगत एवं व्यवसायिक जिवनको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने श्री नेपाल राष्ट्र बैंक, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड एवं बाह्य लेखापरीक्षक प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको प्रशंसा गर्दै तेइसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह १:३० बजे सभा विसर्जन गर्नु भयो ।

लक्ष्मण घिमिरे
(कम्पनी सचिव)

SiddharthaBank

मनोज कुमार केडिया
(अध्यक्ष)